# आकाशवाणी समाचार- नेपाली

मितिः २ जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदी आज  घाना, त्रिनिदाद र टोबागो, अर्जेन्टिना, ब्राजिल र नामिबियाको भ्रमणमा जानुहुनेछ।

- विदेशमन्त्री डा. एस. जयशंकरले हिज राती पेन्टागनमा अमेरिकी रक्षा मन्त्रि  पिट हेगसेथसंग भेट गर्नु भएको छ।

- गृह मन्त्रालयको संसदीय स्थायी समितिको बैठकमा साइबर अपराध रोकथामको मुद्दामा आज छलफल हुनेछ।

- महिला टी-२० क्रिकेटमा,  ब्रिस्टलको काउन्टी ग्राउन्डमा पाँच म्याचको शृङ्खलाको दोस्रो म्याचमा भारतले इङ्ल्यान्डलाई २४ रनले पराजित गऱ्यो।

- कैलाश मानसरोवर यात्रा 2025 का तीर्थयात्रीहरु को पहिलो जत्था सफलतापूर्वक यात्रा पूरा गरे पश्चात हिज गंगटोक आइपुगेको छ।

**<u>प्रधानमन्त्रीको पाँच राष्ट्रको भ्रमण</u>**

प्रधानमन्त्री नरेन्द्र मोदी आज  घाना, त्रिनिदाद र टोबागो, अर्जेन्टिना, ब्राजिल र नामिबियाको भ्रमणमा जानुहुनेछ। भ्रमणको पहिलो चरणमा उहाँ आज र भोलि  घानामा हुनु हुनेछ । यो घानाको निम्ति उहाको पहिलो भ्रमण हुनेछ। यस क्रममा उहाले राष्ट्रपति जोन ड्रामानी महामासँग बातचित गर्नु हुनेछ। दुई नेताहरूले बलियो द्विपक्षीय साझेदारीको समीक्षा गर्नेछन् र आर्थिक, ऊर्जा र रक्षा सहयोग बढाउन भविष्यका अवसरहरूबारे छलफल गर्नेछन्। भ्रमणको दोस्रो चरणमा, श्री मोदीले जुलाई ३ देखि ४ सम्म त्रिनिदाद र टोबागोको भ्रमण गर्नुहुनेछ जहाँ उहाले राष्ट्रपति क्रिस्टीन कार्ला कांगालो र प्रधानमन्त्री कमला परसाद बिसेसरसँग बातचित  गर्नुहुनेछ। श्री मोदीले त्रिनिदाद र टोबागोको संसदको संयुक्त सत्रलाई पनि सम्बोधन गर्नुहुनेछ। तेस्रो चरणमा, प्रधानमन्त्रीले जुलाई ४ देखि ५ सम्म अर्जेन्टिनाको भ्रमण गर्नुहुनेछ। प्रधानमन्त्रीले राष्ट्रपति माइलीसँग द्विपक्षीय वार्ता गर्ने अपेक्षा गरिएको छ। यस अवधिमा दुई देशबीच जारी सहयोगको समीक्षा गरिनेछ र रक्षा, कृषि, खानी, तेल तथा ग्यास, नवीकरणीय ऊर्जा, व्यापार र लगानी लगायतका प्रमुख क्षेत्रहरूमा भारत-अर्जेन्टिना साझेदारीलाई अझ बढाउने तरिकाहरूबारे छलफल गरिनेछ। चौथो चरणमा, प्रधानमन्त्रीले जुलाई ५ देखि ८ सम्म ब्राजिलको भ्रमण गर्नुहुनेछ, जहाँ उहा  १७ औं ब्रिक्स शिखर सम्मेलन २०२५ मा भाग लिनुहुनेछ। ब्रिक्स नेताहरूको १७ औं शिखर सम्मेलन रियो दि जेनेरियोमा आयोजना हुँदैछ जसमा प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वव्यापी शासन सुधार, शान्ति र सुरक्षा, बहुपक्षीयतालाई सुदृढ पार्ने, कृत्रिम बुद्धिमत्ताको जिम्मेवार प्रयोग, जलवायुमा कार्य, विश्वव्यापी स्वास्थ्य, आर्थिक र वित्तीय मामिलाहरू लगायत प्रमुख विश्वव्यापी मुद्दाहरूमा विचार आदानप्रदान गर्नुहुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदी भ्रमणको अन्तिम चरणमा जुलाई ९ मा नामिबियाको भ्रमण गर्नुहुनेछ। यो प्रधानमन्त्रीको नामिबियाको पहिलो भ्रमण हुनेछ। यस अवधिमा, श्री मोदीले राष्ट्रपति नन्दी-नदैतवाहसँग द्विपक्षीय वार्ता गर्नुहुनेछ।

**<u>जयशंकर-क्वाड</u>**

विदेशमन्त्री डा. एस. जयशंकरले हिज राती पेन्टागनमा अमेरिकी रक्षा मन्त्रि  पिट हेगसेथसंग भेट गर्नु भयो। जहाँ उहाले भारत-अमेरिका रक्षा सम्बन्धको रणनीतिक महत्त्वको बारेमा छलफल गर्नु हुदै यसलाई द्विपक्षीय सम्बन्धको सबैभन्दा महत्त्वपूर्ण स्तम्भहरू मध्ये एक रहेको बताउनु भयो। यो भेट वाशिंगटनमा क्वाड विदेश मन्त्रीहरूको बैठकको लगत्तै भएको थियो, जुन भारत-

अमेरिका सम्बन्धको उच्च-स्तरीय शृङ्खला हो। श्री पिट हेगसेथले दुई देशहरू बीचको बढ्दो रक्षा साझेदारीको बारेमा खुशी व्यक्त गर्नु भयो । उनीहरूले भारतीय सशस्त्र सेनामा अमेरिकी रक्षा प्रणालीको एकीकरणका साथै औद्योगिक सहयोग र सह-उत्पादन नेटवर्कहरू विस्तार गर्ने बारेमा छलफल गरे। यस वर्ष फरवरीमा प्रधानमन्त्री नरेन्द्र मोदीको अमेरिका भ्रमणको क्रममा, उहाले र राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिका-भारत प्रमुख रक्षा साझेदारीको लागि नयाँ दश-वर्षीय ढाँचामा हस्ताक्षर गर्ने योजनाको घोषणा गर्नु भयो। दुई नेताहरूले भारतको सैन्य सूचीमा अमेरिकी मूल रक्षा उपकरणहरूको महत्त्वपूर्ण एकीकरणलाई पनि स्वागत गर्नु भयो ।

**बीआई चिकित्सक**

केंद्रीय अन्वेषण ब्यूरोले तीन चिकित्सकहरु सहित छह मानिसलाई गिरफ्तार गरेको छ। यी व्यक्तिहरु विरुद्ध घूस लिएर अनुकूल जांच रिपोर्ट प्रस्तुत गर्नमा सहयोग गरेको आरोप छ। यस मामलामा छत्तीसगढ़मा नवा रायपुरका श्री रावतपुरा सरकार चिकित्सा विज्ञान अनि अनुसंधान संस्थानका तीन अधिकारीहरु अनि अन्य मानिसहरु विरूद्ध मामला दर्ता गरिएको थियो। यसमा जांच गर्ने चिकित्सक अनि बिचौलीहरु शामेल छन्, जसले कथित रुपमा घूस लिएर वैधानिक जांच प्रक्रियामा विभिन्न मेडिकल कॉलेजहरुलाई अनुकूल रिपोर्ट दिएको आरोप छ। यसबारे सूचना प्राप्त गर्न साथै सीबीआईले घूसको लेन-देन भइरहेको समय छह मानिसलाई गिरफ्तार गरेको हो।

**संसदीय समिति-गृह मन्त्रालय**

गृह मन्त्रालयको संसदीय स्थायी समितिको बैठकमा साइबर अपराध रोकथामको मुद्दामा आज छलफल हुनेछ। यो समितिको अध्यक्षता भाजपा सांसद राधा मोहन दास अग्रवालले गर्नेछन्। समितिले साइबर अपराध - परिणाम, सुरक्षा र रोकथाम विषयमा आयोजित बैठकमा मन्त्रालय र संस्थाहरूको विचार सुन्नेछ। यसले सार्वजनिक र निजी बैंकका प्रतिनिधिहरू र अन्य सरोकारवालाहरूसँग वित्तीय सेवा विभागको विचार सुन्नेछ। समितिले दूरसञ्चार विभाग र भारतीय दूरसञ्चार नियामक प्राधिकरण-ट्राईको विचार पनि सुन्नेछ। बिहीबार समितिको बैठकमा विदेश मन्त्रालय, कर्पोरेट मामिला मन्त्रालय र देशको वित्तीय गुप्तचर एकाइको विचार पनि सुनिनेछ।

**भाजपा अध्यक्ष**

भारतीय जनता पार्टी को राष्ट्रीय अध्यक्ष को चुनाव हुन मा लगातार विलम्भ भइरहेको छ। यस सम्बन्धमा भाजपा अनि आरएसएस बीच कुनै एक नाममा सहमति बन्न नसकेको कारण विलम्भ भइरहेको बताइएको छ। राष्ट्रीय स्वयंसेवक संघ (आरएसएस) का 46 प्रांत का वरिष्ठ प्रचारक आगामी 4 जुलाई देखि 6 जुलाई सम्म दिल्लीमा स्थित संघ कार्यालय मा हुन गइरहेको तीन दिवसीय वार्षिक बैठक मा भाग लिंनेछन् जस पछि भाजपा को राष्ट्रीय अध्यक्ष को नाम मा सहमति बन्ने तथा राष्ट्रीय अध्यक्ष को नाम को घोषणा हुने बताइएको छ।

**देश सचिव- मॉरीशस**

विदेश सचिव विक्रम मिस्रीले हिजो मॉरीशसका प्रधानमंत्री नवीनचंद्र रामगुलामसंग भेट गर्नु भयो र दुवै पक्षले नयाँ सरकारको उदीयमान प्राथमिकताहरु अनुरूप रणनीतिक साझेदारीलाई सुदृढ पार्ने प्रतिबद्धता व्यक्त गर्नु भयो। हिजो आधिकारिक भ्रमणमा मॉरीशस पुग्नु भएको मुख्यमंत्रीले उहासंग गहन क्षेत्रीय सहयोगको ब्लूप्रिंटको भिजन सागरको बारेमा पनि छलफल गर्नु भयो। मिश्रीले मौरिससका विदेश मामिला, क्षेत्रीय एकीकरण र अन्तर्राष्ट्रिय व्यापार मन्त्री धनंजय रामफुललाई पनि भेट गर्नु भयो । मिश्रीको भ्रमणले भारत र मौरिसस बीचको नियमित उच्च-स्तरीय संलग्नता, भारतले आफ्नो छिमेकी पहिलो, भिजन सागर र महासागर, अफ्रिका फरवार्ड नीतिहरूमा एक प्रमुख साझेदारको रूपमा मौरिससलाई दिने महत्त्व र ग्लोबल साउथप्रतिको आफ्नो प्रतिबद्धतालाई प्रकाश पार्छ।

**एनएचएआई बैठक**

भारतीय राष्ट्रीय राजमार्ग प्राधिकरणले हिज जम्मू अनि कश्मीरका अधिकारीहरुसित अमरनाथ यात्राका तीर्थ यात्रीहरुको सुगम यात्राको लागि, सुविधाहरुको समीक्षा संबंधमा वीडियो कॉन्फ्रेंसिंगको माध्यमबाट एउटा बैठक गर्नुभयो। यसमा यात्रा मार्गमा

राष्ट्रीय राजमार्ग 44 का दुइ सय 28 किलोमीटर लामो जम्मू-श्रीनगर खंड का सबै भागहरुका स्थिति को विस्तारसित समीक्षा गरियो। प्राधिकरणका अध्यक्ष संतोष कुमार यादवले बैठकलाई संबोधित गर्नुहुँदै अधिकारीहरुलाई स्थानीय प्रशासनसित मिलेर काम गर्ने अनि यात्रा को तैयारीका लागि तत्काल आवश्यक सहायता उपलब्ध गराउने निर्देश दिनुभएको छ।

**कैलाश मानसरोवर- पहला जत्था वापसी**

कैलाश मानसरोवर यात्रा 2025 का तीर्थयात्रीहरु को पहिलो जत्था सफलतापूर्वक यात्रा पूरा गरे पश्चात हिज गंगटोक आइपुगेको छ। तीर्थयात्रीहरु हिज दिउँसो लगभग १ बजे आइपुगेका थिए, जस पछि उनीहरुलाई शेरेथांग लगिएको बताइएको छ। यात्रीहरुलाई सम्मानित गर्नका लागि हिज बेलुकी सिक्किम पर्यटन विकास निगम-एसटीडीसीद्वारा एक औपचारिक प्रमाण-पत्र वितरण कार्यक्रम पनि आयोजित गरिएको थियो।

**पुतिन-मैक्रों वार्ता**

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँबीच साढे दुई वर्षपछि पहिलो पटक फोनमा कुराकानी भएको छ । म्याक्रोंले युक्रेनको सार्वभौमिकता र क्षेत्रीय अखण्डताका लागि फ्रान्सको दृढ समर्थन रहेको दोहोर्याए । उनले द्वन्द्वको स्थायी समाधानका लागि मार्ग प्रशस्त गर्न युद्धविराम लागू गर्न आह्वान गरे। यसको विपरीत, रूसी राष्ट्रपतिले युद्धलाई रूसको सुरक्षा चासोको लागि लामो समयदेखि पश्चिमी अवहेलनामा आधारित भएको बताए। पुटिनले पश्चिमा देशहरुले युक्रेनलाई रुस विरोधी गढ बनाउन खोजेको आरोप लगाएका छन् । क्रेमलिनका अनुसार इजरायल र इरानबीच १२ दिने द्वन्द्व अन्त्य भएको एक सातापछि दुई नेताबीच इरानको आणविक कार्यक्रमबारे पनि छलफल भएको थियो । म्याक्रोंले क्षेत्रीय तनाव कम गर्न रुस र फ्रान्सबीच सहकार्यको प्रस्ताव गरेका थिए । वार्ता करिब दुई घण्टा सम्म चलेको थियो । दुवै नेताले युक्रेन र इरानको अवस्थाका बारेमा छलफल जारी राख्न पनि सहमति जनाएका छन् ।

**महिला टी-२० क्रिकेट**

महिला टी-२० क्रिकेटमा, ब्रिस्टलको काउन्टी ग्राउन्डमा पाँच म्याचको शृङ्खलाको दोस्रो म्याचमा भारतले इङ्ल्यान्डलाई २४ रनले पराजित गऱ्यो। भारतले पहिले ब्याटिङ गर्दै निर्धारित २० ओभरमा ४ विकेट गुमाएर १८१ रन बनाएको थियो। अमनजोत कौरले ४० बलमा अविजित ६३ रन बनाइन् र प्लेयर अफ द म्याच घोषित भइन्। जवाफमा इङ्ल्यान्डले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १५७ रन मात्र बनाउन सफल भयो। यो जितसँगै महिला टोलीले इङ्ल्यान्ड विरुद्धको पाँच म्याचको टी-२० शृङ्खलामा २-० को अग्रता लिएको छ। यसअघि इङ्ल्यान्डले टस जितेर बलिङ गर्ने निर्णय गरेको थियो। तेस्रो टी-२० अन्तर्राष्ट्रिय जुलाई ४ मा लन्डनको केनिङ्टन ओवलमा खेलिनेछ। खेल भारतीय समय अनुसार राति ११ बजे सुरु हुनेछ।

**क्रिकेट दूसरा टेस्ट - भारत-इंग्लैंड**

क्रिकेटमा, भारत अणि इंग्लैंड बीच एंडरसन-तेंदुलकर ट्रॉफी सीरीजको दोस्रो टेस्ट मैच आज बर्मिंघमको एजबेस्टन मा शुरू हुनेछ। भारतीय टीमका कप्तान शुभमन गिलले यस मैचको लागि जसप्रीत बुमराह उपलब्ध हुने पुष्टि गर्नुभएको छ जबकि बुमराहले यो मैच खेल्नको लागि अंतिम निर्णय टीम प्रबंधनको बैठक पछि गरिनेछ। अर्को तर्फ ईंगल्याण्डका सबै ११ खेलाड़ी त्यही हुनेछ जसले लीड्स मा सीरीज को पहिलो मैच मा पांच विकेटले जीत दर्ता गरेको थियो।

****** ० ******